हरिनगर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हरिनगरा, सुनसरी
प्रदेश नं. १, नेपाल

करारमा पदपूर्ति गर्ने सम्बन्धि सूचना

प्रथम पटक प्रकाशित मिति :- २०७९/०५/०८

यस हरिनगर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय तथा अन्तर्गत कामकाजका लागि तपसिल बमोजिमको पदहरुमा सेवा करारमा कर्मचारीहरु पदपुर्ति गर्नु पर्ने भएकोले तोकिएको आवश्यक योग्यता पुगेको ईच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र यस कार्यालयमा रितपुर्वकको दरखास्त पेश गर्न हुन यो दरखास्त आह्वान गरिएको व्यहोरा अनुरोध छ ।

तपसिल

| क्र.स. | विज्ञापन नं. | पद/तह | सेवा | समूह | माग संख्या | न्युन्तम शैक्षिक योग्यता | परिक्षाको किसिम |
|---|---|---|---|---|---|---|---|
| १ | ०४/२०७९/०८० | हेल्थ असिष्टेन्ट (पाचौं तह) | स्वास्थ्य | | १ (एक) जना | १. मान्यताप्राप्त शैक्षिक संस्थाबाट HA कोर्ष उतीर्ण गरी सम्बन्धित परिषद वा (Medical council) मा दर्ता तथा नविकरण भएको हुनु पर्ने छ । | लिखित र अन्तरवार्ता |
| २ | ०५/२०७९/०८० | रोजगार सहायक(पाँचौ तह) | | | १ (एक) जना | मान्यताप्राप्त शैक्षिक संस्थाबाट प्रविणता प्रमाण पत्र तह वा सो सरह उर्तिण गरी कम्तीमा ३ महिनाको कम्प्युटर तालिम प्राप्त गरेको । | प्रारम्भिक सूचीमा छनौट भएपछि लिखित, प्रयोगात्मक र अन्तरवार्ता |

**१) दरखास्त दिने स्थान :** हरिनगर गाउँ कार्यपालिकाको कार्यालय प्रशासन शाखा, हरिनगरा, सुनसरी ।

**२) दरखास्त साथ संलग्न गर्नुपर्ने कागजातहरु:** नेपाली नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, शैक्षिक योग्यता प्रमाणपत्रको प्रतिलिपि, नेपाल मेडिकल काउन्सिल/सम्बन्धित परिषदमा दर्ता भएको प्रमाण पत्रको प्रतिलिपि, विदेशमा अध्ययन गरेको भए समकक्षताको प्रमाणित प्रतिलिपि ।

**३) दरखास्त दस्तुर बुझाउने स्थान :** हरिनगर गाउँ कार्यपालिकाको कार्यालय, राजस्व शाखा, हरिनगरा, सुनसरी ।

**४) दरखास्त फाराम :** हरिनगर गाउँ कार्यपालिकाको कार्यालय प्रशासन शाखा हरिनगरा, सुनसरी वा हरिनगर गाउँपालिकाको वेबसाइट www.harinagaramun.gov.np बाट प्राप्त गर्न सकिने छ ।

**५) दरखास्त दिने अन्तिम मिति :** २०७९/०५/२२ र सो दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्ट कार्यालय समयसम्म ।

**६) दरखास्त फाराम दस्तुर :** (क) हे.अ. र रोजगार सहायकका लागि रु.५००।-

**७) उमेद्वारको उमेर हद तथा अन्य योग्यता:**

- विज्ञापन नं. ४ र ५ का दुवैका लागि १८ वर्ष पूरा भई ४५ वर्ष ननाघेको हुनु पर्नेछ ।
- अन्य प्रचलित कानुनद्धारा अयोग्य नठहरिएको हुनुपर्ने छ ।

**८) पाठ्यक्रम:** विज्ञापन नं. ४ को हकमा लोक सेवा आयोगबाट निर्धारण गरिएको पाठ्यक्रम वमोजिम हुनेछ र विज्ञापन नं. ५ को हकमा स्थानीय तहमा प्राविधिक सहायक र रोजगार सहाकय पदपूर्ति सम्वन्धी मापदण्ड, २०७८ वमोजिम हुनेछ ।

**९) पारिश्रमिक :**

- हे.अ. लागि सहायक पाँचौ तह वा सो सरह हुनेछ ।
- रोजगार संयोजकको हकमा स्थानीय तहमा प्राविधिक सहायक र रोजगार सहाकय पदपूर्ति सम्वन्धी मापदण्ड, २०७८ वमोजिम हुनेछ ।
- अन्य सेवा सुविधा करार सम्झौता वमोजिम हुनेछ ।

**१०) कामगर्नु पर्ने अवधि :** आ.व. ०७९।०८० का लागि हुनेछ । सो पश्चात कार्यालयको आवश्यकता र उमेद्वारको कार्य सम्पादन क्षमताका आधारमा सम्झौता अवधि थप हुन सक्नेछ । तर यही करार नियुक्तिको आधारमा पछि अस्थायी वा स्थायी नोकरीका लागि कुनै किसिमको आधार वा दावी लाग्ने छैन ।

**११) परीक्षा सन्चालन मिति :** सम्पर्क मितिको दिन तोकिने छ । अन्य थप जानकारीका लागि कार्यालय समयमा प्रशासन शाखामा सम्पर्क राख्न सकिनेछ ।